# मूल्य अभिबृद्धि कर (सत्रौं संशोधन) नियमावली, २०७२

मूल्य अभिबृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "मूल्य अभिबृद्धि कर (सत्रौं संशोधन) नियमावली, २०७२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधन** : मूल्य अभिबृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को,-

(१) मूल नियमावलीको नियम ६ को उपनियम (१) मा रहेका "बीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पचास लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गराउन चाहेमा नियम ३ बमोजिम दरखास्त दिन सक्नेछ । यसरी स्वेच्छाले कारोबार दर्ता गराउन दरखास्त परेमा कर अधिकृतले नियम ४ बमोजिमको जाँचबुझ प्रक्रिया पूरा गरी ऐनको दफा ९ को अधीनमा रही कारोबार दर्ता गरिदिनु पर्नेछ ।"

३. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को,-

"(१) उपनियम (१) र (२) मा रहेका "बीस लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पचास लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (५) को खण्ड (ख) र (ग) झिकिएका छन् ।"

४. **मूल नियमावलीको नियम १२ मा संशोधन** : मूल नियमावलीको नियम १२ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) मूल्य अभिवृद्धि करमा दर्ता भएको तर यो उपनियम प्रारम्भ भएपछि मूल्य अभिवृद्धि कर लाग्ने सीमाभन्दा घटी कारोबार भएको करदाताको खारेजी तथा त्यस्ता करदाताको कर मिलान गर्न बाँकी रकम (क्रेडिट) को व्यवस्थापन महानिर्देशकले तोकेको प्रक्रिया बमोजिम हुनेछ ।"

५. **मूल नियमावलीको नियम २५ मा संशोधन** : मूल नियमावलीको नियम २५ मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर कम्प्युटर बिजक जारी गर्न अनुमति लिएको करदाताको कम्प्युटर प्रणालीबाट नै स्वतः बिक्री खाता तयार हुने भएमा बिक्री खाता प्रमाणित गराउनु पर्ने छैन ।"

६. **मूल नियमावलीको नियम २६ मा संशोधन** : मूल नियमावलीको नियम २६ को उपनियम (३) झिकिएको छ ।

७. **मूल नियमावलीको नियम २९ मा संशोधन** : मूल नियमावलीको नियम २९ को उपनियम (३) मा रहेका "र (३)" भन्ने शब्दहरु झिकिएका छन् ।